नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: [illegible]onawalpur2074@gmail.com

पत्र संख्या : ०७८/७९

मिति : २०७८।०४।१८

## नवलपरासी (वर्दघाट सुस्ता पूर्व) का प्रमुख जिल्ला अधिकारीबाट जारी भएको आदेश

विश्वव्यापी रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको दोस्रो लहरको संक्रमणको अवस्थाको जोखिम अझै पनि न्युन भैसकेको छैन। यस जिल्लामा उक्त संक्रमणको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकार मन्त्रिपरिषद्को विभिन्न मितिमा भएका निर्णयहरु तथा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) र जिल्ला सुरक्षा समितिको मिति २०७८।०४।१८ को निर्णय समेतमा आधारित रही सक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।०४।२१ गते बिहिवार राती १२:०० बजे देखि २०७८।०४।३२ गते सोमबार रातको १२:०० बजेसम्म नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाभर लागू हुने गरी तपशिल अनुसारको निषेधाज्ञा जारी गरिएको छ। जारी आदेशको अवज्ञा गर्ने/गराउनेलाई कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ एवं अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

## निषेधित कार्यहरु

**सार्वजनिक भेला, जमघट, समारोह सम्बन्धमा**

क) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सास्कृतिक, सामाजिक गतिविधिहरु गर्नका लागि हुने जमघटहरु गर्न/गराउन नपाइने ।

ख) सार्वजनिक खेलकुद, नाच, मेला, जात्रा, महोत्सव, भोजभतेर तथा भीडभाड हुने कुनै पनि कार्यक्रम सञ्चालन गर्न/गराउन नपाइने।

ग) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा नित्यपुजा बाहेक सामूहिक भेला हुने खालका कुनै पनि कार्यक्रम गर्न/गराउन नपाइने।

घ) कुनै पनि प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, जुलुश वा प्रदर्शन जस्ता कार्य गर्न/गराउन नपाइने।

ङ) खेलकुदस्थल, मनोरन्जन स्थल, शारीरिक सुगठन गर्ने स्थल, स्वीमिङ्ग पुल तथा जिमखाना, (फिटनेस सेन्टर) सामुहिक खेलकुद, पार्टी प्यालेस सञ्चालन गर्न नपाइने।

च) विद्यालय, कलेज, ट्यूसन सेन्टर, तालिम केन्द्र लगायतका संस्थामा विद्यार्थी/शिक्षक भौतिक रुपमा भेला भई/गराइ सिकाइ गतिविधि संचालन गर्न नपाइने।

## गर्न पाइने कार्यहरु

क) निजी दुईपाङ्ग्रे र चार पाङ्ग्रे सवारी साधन चलाउन पाउने र सार्वजनिक सवारी साधनको हकमा स्वास्थ्य सुरक्षा मापदण्ड पुरा गरी जिल्ला भित्र मात्र चल्न पाउने। तीन पाङ्ग्रे सवारी (ट्याम्पो) को हकमा रुट परमिट अनुसार तोकिएको क्षेत्रमा मात्र सञ्चालन गर्न पाउने।

ख) विवाह तथा व्रतवन्धको हकमा बढीमा १० जनासम्म स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्दै आफ्नै घरमा मात्र विवाह व्रतवन्ध गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती
☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: daonawalpur2074@gmail.com

पत्र संख्या : ०७८/७९

ग) जिल्ला भित्रका सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानका कार्यालयहरुबाट उपलब्ध हुने सेवालाई तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रुपमा पालना गरी सञ्चालन गर्ने तर वित्तिय तथा सहकारी संस्थाहरुले घरदैलोमा गई रकम संकलन तथा समुह बैठक/भेला गर्न नपाइने ।

घ) होटल, रेष्टुरेण्ट, खाजा घर तथा मिठाइ पसल,सैलुन तथा ब्युटिपार्लरहरु स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्न पाइने ।

ङ) नेपाल सरकारले भौतिक दुरी कायम गर्ने गरी सञ्चालन गर्ने भनी निर्णय भएका कक्षा ११,१२ तथा त्रिभुवन विश्वविद्यालयबाट लिइने स्नातक तह लगायतका परीक्षाहरु स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्न पाइने ।

च) यस सूचनामा गर्न नपाइने भनि उल्लेख भएका बाहेक सबै आर्थिक गतिविधि तथा व्यवसाय दैनिक रुपमा सञ्चालन गर्न पाईने छ तर अत्यावश्यक सेवा बाहेकका व्यवसायहरुको हकमा साँझ ६ बजे अनिवार्य बन्द गर्नु पर्नेछ ।

**अत्यावश्यक काम बाहेक घर बाहिर ननिस्कने, स्वास्थ्य सरसफाइ (हात धुने वा सेनिटाइजर प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने), अत्यावश्यक कामको लागि घर बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्क लगाउने र स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्ने/गराउने ।**

२०७८/०४/१८

प्रमुख जिल्ला अधिकारी